पैयूँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः २०७७/७८
चलानी नं.

मितिः२०७७/०८/१०

## मेला, महोत्सव तथा मानव जमघट नगर्ने/ नगराउने सम्बन्धमा सार्वजनिक अपील

विश्वव्यापी महामारीको रूपमा फैलिईरहेको कोभिड १९ रोगको कारणले विश्व समुदाय आक्रान्त भईरहेको बेहोरा सर्वविदितै छ । यो रोगको कारणबाट यस गाउँपालिका पनि प्रभावित भईरहेको छ । मानव जमघट तथा मेला महोत्सवले यसको संक्रमणलाई अत्यन्त छिटो गतिमा फैलाउने विषय सबैमा जानकारी नै छ । नेपाल सरकार तथा यस स्थानीय तहबाट विभिन्न मितिमा भएका निर्णयहरूले समेत मानव जमघट मेला तथा महोत्सवलाई बन्देज लगाईरहेको छ । यसै विषयमा भोलि मिति २०७७/०८/११ गते हिन्दू समुदायको पवित्र तिथी तुलसी विवाह तथा हरिबोधनी एकादशी परेको छ । उक्त दिनमा गरिने तुलसी विवाह, तोरण तार्ने तथा पुजाआजाका कार्यक्रमहरूमा अत्यन्त थोरै सङ्ख्यामा मात्र तिर्थालूहरू जम्मा गर्ने/ गराउने (बढीमा २५ जनामात्र), सामाजिक दूरी कायम गर्ने, अनिवार्य रूपमा मास्कको प्रयोग गर्ने व्यवस्था मिलाउनु हुन सबै तिर्थालू भक्तजनहरूमा अनुरोध छ । विद्यमान समयमा यस सूचनाको अवज्ञा गरी ठूलो सङ्ख्यामा मानिसहरू भेला हुने, सामाजिक दूरी कायम नगर्ने, बाजा गाजा सहित नाचगान गर्ने कार्य संक्रामक रोग ऐन, २०२० बमोजिम दण्डनीय समेत हुने भएकाले भोलिको हरिबोधनी एकादशीको अवसरमा सानो सङ्ख्यामा मात्र मानिसहरू जम्मा भई धार्मिक रीति बमोजिम अत्यावश्यक पूजापाठ मात्र गरिदिनुहुन सम्बद्ध सबैमा गाउँपालिका हार्दिक अपील गर्दछ ।

कोरोना रोगबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं ।

२०७७ सालको हरिबोधनी एकादशीको पावन अवसरमा समस्त हिन्दू धर्मालम्बीहरूमा हार्दिक **शुभकामना** व्यक्त गर्दछु ।

(खगेन्द्रप्रसाद तिवारी)
**अध्यक्ष**

वोधार्थः आवश्यक समन्वय तथा सरसहयोगको लागि
श्री इलाका प्रशासन कार्यालय, हुवास, पर्वत
श्री इलाका प्रहरी कार्यालय, हुवास, पर्वत
श्री वडा कार्यालयहरू (सबै): पैयूँ गाउँपालिका, पर्वत


कार्यालय ठेगानाः पैयूँ गाउँपालिका वडा नं. ४, हुवास, पर्वत/ फोन नं. ०६७-४११९०१/१०२
Email: paiyungapa@gmail.com
website: https://paiyunmun.gov.np